नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८१/०८२
च.नं. २८६८

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय किताबखाना (शिक्षक) म्यूजियम मार्ग, छाउनी, काठमाडौं

मितिः २०८१/०९/०५

**विषयः अनिवार्य अवकाश हुने शिक्षकहरूको नामावली पठाइएको सम्बन्धमा**

**श्री शिक्षा विकास तथा समन्वय इकाइ**
**सम्पूर्ण ७७ वटै**

प्रस्तुत विषयमा शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम १२६ को उपनियम (२) को खण्ड (घ) बमोजिम त्यस जिल्ला अन्तर्गत सामुदायिक विद्यालयहरूमा कार्यरत स्थायी शिक्षकहरूको यस किताबखानामा रहेको कम्प्युटर अभिलेख अनुसार मिति २०८१ माघ १ गतेदेखि २०८२ असार मसान्तसम्ममा अनिवार्य अवकाश हुने देखिएका शिक्षकहरूको निजहरूले यस किताबखानामा पेश गरेको वैयक्तिक विवरण फायल (सिटरोल फायल) मा संलग्न कागजातका आधारमा तयार पारिएको नामावली यसैसाथ पठाइएको छ। त्यस जिल्ला अन्तर्गत कार्यरत शिक्षकहरूलाई अनिवार्य अवकाश गर्ने सम्बन्धमा देहायका बुँदाहरूमा ध्यान दिई शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम १३१ को उपनियम (१) को व्यवस्था बमोजिम गर्नुहुन यस किताबखानाको मिति २०८१/०९/०३ को निर्णयानुसार अनुरोध छ।

१. कतिपय शिक्षकहरूको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति फरक फरक हुन सक्ने भएकोले त्यस कार्यालयमा रहेको अभिलेखसँग भिडाई किताबखानाबाट पठाइएको अवकाशसम्बन्धी विवरणमा फरक पर्न गएमा सम्बन्धित शिक्षकबाट प्रमाणसहित पेश गर्न लगाई सोही बमोजिम सम्बन्धित शिक्षकलाई अनिवार्य अवकाशको जानकारी दिने। साथै कतिपय शिक्षकहरूको सिटरोल लगायत जन्ममिति खुलेका कुनै पनि कागजात यस किताबखानामा फेला नपरेका तथा निजहरूले शिक्षा नियमावली, २०५९ को नियम ११७ बमोजिमको अनुसूची-१८ फाराम अनिवार्य अवकाश हुनुभन्दा नौ महिना अगावै विद्यालय हुँदै शिक्षा विकास तथा समन्वय इकाइमार्फत यस किताबखानामा पेश गर्नु पर्नेमा सो समेत नगरेका साथै निजहरूका जन्ममिति खुलेका कागजातहरू इकाइ मार्फत पटक पटक पत्राचार गरी माग गर्दा समेत किताबखानामा उपलब्ध नगराएका कारण निजहरूको अनिवार्य अवकाशको मिति यकीन गर्न नसकिएको हुँदा निज शिक्षकहरूका सम्पूर्ण विवरण ताहाँ इकाइबाट झिकाई नियमानुसार नियमित रुपमा अनिवार्य अवकाश दिने व्यवस्था मिलाउनुहोला। त्यस्ता कागजात पेश नगर्ने शिक्षकहरूको विवरण समेत संलग्न गरिएको छ।

२. अब उप्रान्त सबै स्थायी शिक्षकहरूबाट ऐ. नियम ११७ बमोजिमको विवरण अवकाश हुनुभन्दा नौ महिना अगावै सम्बन्धित विद्यालयमार्फत शिक्षा विकास तथा समन्वय इकाइ हुँदै यस किताबखानामा अनिवार्य रुपमा पेश गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ।

३. नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुनबाट निजको उमेर पहिले ६० वर्ष पूरा हुन्छ, सोही आधारमा अवकाश दिने। शैक्षिक योग्यताको प्रमाणपत्रको साथमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको मूल वा प्रोभिजनल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्न लगाउने।

**युवराज पौडेल**
**उपमहानिर्देशक**



CamScanner

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
स्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८१/०८२
च.नं. ३८८

४. नेपाली नागरिकताको प्रमाणपत्रको हकमा प्रतिलिपि लिई जन्ममिति फरक परेको भए वा शुरुमा लिएको नागरिकताको प्रमाणपत्रमा जन्ममिति संशोधन गरिएको भए जुन जन्ममितिबाट निज पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मान्ने। शुरुमा जारी भएको नागरिकता वा प्रतिलिपि नागरिकतामा उल्लिखित जन्ममिति मध्ये जुन जन्ममितिबाट पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मान्ने। कुनै प्रमाणपत्रमा पूरा जन्ममिति उल्लेख नभई उमेर मात्रै उल्लेख भएको पाइएमा जारी मितिका आधारमा जन्ममिति यकीन गर्ने तथा जन्म साल मात्र उल्लेख भएकोमा उक्त सालको बैशाख १ गतेलाई जन्ममिति कायम गरी उमेर गणना गर्ने।

५. यसैगरी कुनै प्रमाणपत्रमा उमेर वा जन्म साल मात्रै उल्लेख भई अरु कुनै प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ भने त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिको बिचमा एक वर्षसम्मको अन्तर रहेछ भने प्रष्ट (पूरा) खुलेको जन्ममितिलाई आधार मान्ने तर एक वर्षभन्दा बढीको अन्तर देखिएमा अघिल्लो जन्ममितिलाई आधार मानी उमेरको गणना गरी अवकाश दिने। कुनै प्रमाणपत्रमा उमेर र जन्म साल दुबै उल्लेख भएको पाइएमा जुन जन्ममितिबाट पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मानी अनिवार्य अवकाशको मिति निर्धारण गर्ने।

**६. कतिपय शिक्षकहरू शुरुमा लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्ममिति संशोधन गरी संशोधित जन्ममितिको आधारमा ६० वर्ष उमेरभन्दा बढी अवधिसम्म सेवामा वहाल रहने गरेको पाइएकोले यस्तो अवस्थालाई समयमै नियन्त्रण गर्न जरुरी भएको हुँदा यस सम्बन्धमा ताहाँबाट नियमित रुपमा सूचना प्रवाह गरी विवरण सङ्कलन गरेर समयमै अवकाश दिई यस किताबखानामा जानकारी गराउने।**

७. शैक्षिक योग्यताको प्रमाणपत्रहरूमा उल्लिखित जन्ममिति फरक फरक भएमा जुन तहको शैक्षिक योग्यताको जन्ममितिबाट निज पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मान्ने। दुई वा दुईभन्दा बढी वर्ष लगाई एस.एल.सी. परीक्षा उत्तीर्ण गर्नेको हकमा परीक्षा नियन्त्रण कार्यालयबाट फरक फरक जन्ममिति प्रमाणित भई आएमा जुन जन्ममितिबाट पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मान्ने। शिक्षकलाई अवकाश पत्र दिँदा वा राजीनामा स्वीकृत पत्र दिँदा अनिवार्य रुपमा सम्बन्धित शिक्षकको संकेत नम्बर उल्लेख गरेर मात्रै दिने।

८. वैयक्तिक तथा नोकरी विवरण फाराम (सिटरोल) भरी सङ्केत नम्बर कायम भएको शिक्षकको हकमा ताहाँ कार्यालयमा रहेको प्रमाणित सिटरोल सुविधा सिफारिस गरिएको फायलसाथ संलग्न गरी पठाउने र सिटरोल नम्बर कायम भएको शिक्षकको प्रमाणित सिटरोल फेला नपरे हाल एकप्रति सिटरोल भराई प्रमाणित गरी अनिवार्य रुपमा सिफारिस फायलसाथ पठाउने।

९. कुनै पनि शिक्षकले शिक्षा नियमावली, २०५९ को नियम ११७ बमोजिम अनुसूची १८ बमोजिमको फाराम भरी अनिवार्य अवकाश हुनुभन्दा नौ महिना अगावै सम्बन्धित विद्यालय र शिक्षा विकास तथा समन्वय इकाइमार्फत यस किताबखानामा

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

युवराज पौडेल
उपमहानिर्देशक

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८१/०८२
च.नं. २६६८

उपलब्ध गराउनु पर्नेमा सो गरेको नपाइएको हुँदा निजले यस किताबखानामा सिटरोलसाथ पेश गरेका कागजातका आधारमा मात्रै अनिवार्य अवकाशको मिति यकीन गरिएको हुनाले कतिपयको सिटरोलमा पूर्ण कागजात नरहेको तथा सम्बन्धित निकायहरूमा पटक पटक पत्राचार तथा ताकेता गर्दा समेत कागजात प्राप्त नभएका कारण ताहाँबाट समेत पुनः सम्बन्धित शिक्षकका कागजात अध्ययन गरी अनिवार्य अवकाशको मिति यकीन गरी अनिवार्य अवकाश दिने। साथै किताबखानाबाट प्रकाशित अनिवार्य अवकाशको सूचीमा नपरेका तर ताहाँ रहेको अभिलेख तथा कागजातबाट ६० वर्ष पूरा भई सकेका वा पूरा हुने देखिएका शिक्षकलाई शिक्षा नियमावली, (संशोधनसहित) २०५९ को निर्दिष्ट व्यवस्था बमोजिम नियमित रुपमा अनिवार्य अवकाश दिने।

१०. अनिवार्य अवकाश हुने शिक्षकको नाम थर, जन्ममिति, विद्यालय, तह, श्रेणी, अवकाश मिति आदि फरक परेको देखिएमा सम्बन्धित शिक्षकको निवेदन, विद्यालयको पत्र तथा ताहाँ रहेको अभिलेखको आधारमा यकीन गरी अवकाश गर्ने।

११. अधिकांश शिक्षकहरूले किताबखानामा विवरण अद्यावधिक नगराएका कारण निजहरूको प्रकाशित विवरण फरक परेमा संकेत नम्बरका आधारमा ताहाँबाटै व्यक्ति यकीन गरी जिल्लान्तर वा आन्तरिक सरुवा भएको भए सोही स्थानमा अवकाशको जानकारी वा सूचना पठाउने।

१२. शिक्षा नियमावली, (संशोधनसहित) २०५९ को नियम १३१ अनुसार कुनै शिक्षकको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालय शिक्षा सेवाबाट अवकाश दिने।

१३. ताहाँ इकाइबाट प्रमाणित भई आएको सञ्चित बिरामी बिदाको विवरणका आधारमा बिरामी बिदाको रकम भुक्तानी गरिने हुँदा आवश्यकता अनुसार शिक्षकका सेवा प्रवेशदेखि सेवा निवृत्त अवधिसम्मका तत्कालिन हाजिरी रजिष्टर लगायत बिदाका अभिलेख, सरुवा, रमाना तथा हाजिर भएका पत्रहरू ताहाँबाटै हेरी जाँची पछिसम्म फरक नपर्ने गरी यकीन गरी उक्त विवरण यस किताबखानाबाट उपलब्ध गराइएका बिदासम्बन्धी फाराम नं. ४, फाराम नं. ५ र फाराम नं. ६ पूर्ण रुपमा भरेर प्रमाणित गरी पठाउनुहोला। फारामहरू पुनः संलग्न गरी पठाइएको छ।

१४. विद्यालयले स्थायी नियुक्ति दिएका शिक्षकको हकमा तत्कालिन जिल्ला शिक्षा कार्यालयले स्थायी नियुक्तिका लागि सिफारिस गरी पठाएको पत्र तथा जिल्ला शिक्षा समिति/जिल्ला शिक्षक छनौट समिति/क्षेत्रीय शिक्षक छनौट समितिबाट स्थायी नियुक्तिको लागि गरिएको सिफारिस/निर्णयको प्रतिलिपि प्रमाणित गरी पठाउने र सम्पूर्ण फोटोकपि कागजातहरूमा अनिवार्य रुपमा इकाइ प्रमुखबाट "व्यहोरा प्रमाणित" भन्ने लेखी प्रमाणित गरी पठाउनु पर्नेछ।

१५. बाँकी विषयको सम्बन्धमा यस किताबखानाको मिति २०८१/०१/२१ र २०८१/०१/२३ का प्राप्त पत्रहरू बमोजिम गर्नु गराउनुहुन समेत अनुरोध छ। उक्त पत्रहरू पुनः संलग्न गरी पठाइएको छ।

२०८१/१/१५
युवराज पौडेल
उपमहानिर्देशक

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (विद्यालय शिक्षा महाशाखा), सिंहदरवार, काठमाडौं
श्री शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर
श्री सम्पूर्ण ७५३ वटै स्थानीय तहहरूः आवश्यक सञ्चार, समन्वय तथा सहजीकरणको लागि अनुरोध छ।



CamScanner

२०८१ माघ १ देखि २०८२ असार मसान्तसम्म अनिवार्य अवकाश हुने शिक्षकहरू मध्ये पटक पटक पत्राचार गर्दा पनि कागजात पेश नगर्ने शिक्षकहरूको विवरण - २०८१

| क्र.सं. | सि. नं. | शिक्षक संकेत नं. | शिक्षकको पूरा नाम, थर | हाल कार्यरत विद्यालय | कार्यरत जिल्ला | नपुग कागजात/माग गरिएका कागजातहरू | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूरै फायल | नागरिकता | एसएलसी लब्धाङ्क, चारीत्रिक र मूल प्रमाणपत्र | सिटरोल | भारतीय प्रमाणपत्रको जन्ममिति |
| 1 | ३ | 7664 | कमला श्रेष्ठ | बालमन्दिर आधारभूत विद्यालय , इलाम | इलाम | | √ | | | |
| 2 | २४ | 9677 | जसराज किराती | तिनधारे प्राथमिक विद्यालय ,तिनधारे,खोटाङ | खोटाङ | | √ | | | |
| 3 | ३६ | 10354 | रबि लाल मेहता | सुनरी शिक्षा सदन,सुनसरी | सुनसरी | | | √ | √ | |
| 4 | ५१ | 11565 | अभिमन्यू कार्की | महेन्द्र आदर्श माध्यमिक विद्यालय , इमाडोल ललितपुर | ललितपुर | √ | | | | |
| 5 | १११ | 18128 | श्री कृष्ण पौडेल | शारदा आधारभूत विद्यालय , कास्की | कास्की | √ | | | | |
| 6 | ११३ | 18245 | रघुनाथ भण्डारी | भृकुटी मा वि,झापा | झापा | | | | √ | |
| 7 | ११५ | 18805 | वीर वहादुर शाह | नमुना माध्यमिक विद्यालय , गरुडा, रौतहट | रौतहट | | | √ | | |
| 8 | १२१ | 19185 | परमानन्द साह | आधारभूत विद्यालय , सरमुजवा, रौतहट | रौतहट | √ | | | | |
| 9 | १४८ | 22629 | अन्नपूर्ण श्रेष्ठ | वालमन्दिर आधारभूत विद्यालय , वजार तेह्रथुम | तेह्रथुम | | √ | √ | | |
| 10 | २३७ | 29927 | नैन वहादुर शाही | नैनलदेव आधारभूत विद्यालय ,कालीकोट | कालिकोट | √ | | | | |
| 11 | २६१ | 31932 | कृष्ण प्रसाद चपाई | लिमिढाना नि मा वि, | पर्वत | | | √ | | |
| 12 | २६२ | 31980 | राम राज शिगुं | अमरपुर मा बि,पाचथर | पाँचथर | | | √ | | |
| 13 | ३१८ | 35392 | दामोदर न्यौपाने | कालिदेवि प्रा वि,काभ्रेपलान्चोक | काभ्रेपलाञ्चोक | √ | | | | |
| 14 | ३२७ | 35832 | दिल नाथ पौडेल | सिद्धेश्वर माध्यमिक विद्यालय , काभ्रेपलाञ्चोक | काभ्रेपलाञ्चोक | √ | | | | |
| 15 | ३३२ | 36227 | दुर्गा दुलाल शर्मा | बक्राहा माध्यमिक विद्यालय खाँमेझाण्डा, मोरङ | मोरङ | | | | √ | |
| 16 | ३९७ | 40687 | राम प्रसाद न्यौपाने | तपेश्वर माध्यमिक विद्यालय काभ्रेपलाञ्चोक | काभ्रेपलाञ्चोक | | √ | √ | | |
| 17 | ४०६ | 41570 | हर्ष बहादुर चन्द | विशालपुर मा वि,बैतडी | बैतडी | | | √ | | |
| 18 | ४८२ | 50523 | तिर्थ राज देवकोटा | भवानी माध्यमिक विद्यालय ,गोरखा | गोरखा | √ | | | | |
| 19 | ५१६ | 53430 | यदु नाथ शर्मा | जनता प्रा. वि.,पर्वत | पर्वत | | | | √ | |
| 20 | ५२६ | 53996 | दिनेस कुमार लम्साल | सुभद्रा पंचकन्या प्रा वि,भोजपुर | भोजपुर | √ | | | | |

नेपाल सरकार
राष्ट्रिय किताबखाना (निजामती)
म्युजियम मार्ग, छाउनी, काठमाडौं

युवराज पौडेल
उपमहानिर्देशक

२०८१ माघ १ देखि २०८२ असार मसान्तसम्म अनिवार्य अवकाश हुने शिक्षकहरू मध्ये पटक पटक पत्राचार गर्दा पनि कागजात पेश नगर्ने शिक्षकहरूको विवरण - २०८१

| क.सं. | सि. नं. | शिक्षक संकेत नं. | शिक्षकको पूरा नाम, थर | हाल कार्यरत विद्यालय | कार्यरत जिल्ला | नपुग कागजात/माग गरिएका कागजातहरू | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूरै फायल | नागरिकता | एसएलसी लब्धाङ्क, चारीत्रिक र मूल प्रमाणपत्र | सिटरोल | भारतीय प्रमाणपत्रको जन्ममिति |
| 21 | ५४० | 55026 | निर्मला गिरी | कृष्ण माध्यमिक विद्यालय ,पोखरा म.न.पा.,कास्की | कास्की | √ | | | | |
| 22 | ५८३ | 58973 | लक्ष्मी प्रसाद डांगी | सरस्वती,तेह्रथुम | तेह्रथुम | | √ | | | |
| 23 | ५९८ | 60068 | नमिता शा शंकर | युवासहभागिता नि मा वि,काठमाडौं | काठमाण्डौ | | | | √ | |
| 24 | ५९९ | 60325 | बिजय कुमार उप्रेती | पञ्चकान्या माध्यमिक विद्यालय स्युचाटार , काठमाडौं | काठमाण्डौ | | √ | | | |
| 25 | ६१८ | 62021 | रतिराम भारती | ने.रा. प्राथमिक विद्यालय उपल्लो खानी , सुर्खेत | सुर्खेत | | | √ | | |
| 26 | ६२२ | 62233 | डिक विर राई | माध्यमिक विधालय | खोटाङ | | √ | | | |
| 27 | ६३८ | 63510 | हिमा देवी शर्मा लामिछाने | यूनिक आधारभूत विद्यालय बाग्लुङ | बाग्लुङ | √ | | | | |
| 28 | ६८१ | 103013 | इन्द्र प्रसाद सिंखडा | विष्णुदेवी शिक्षा सदन माध्यमिक विद्यालय ,सतुंगल, काठमाडौं | काठमाण्डौ | | √ | | | |
| 29 | ७०८ | 104526 | डोल वहादुर वलम्पाकी | जनता माध्यमिक विधालय , पिगौना , महोतरी | महोतरी | | √ | | | |
| 30 | ७४६ | 108371 | राम बहादुर श्रेष्ठ | लालीगुरांस प्रा.वि.,सिन्धुपाल्चोक | सिन्धुपाल्चोक | √ | | | | |
| 31 | ७५४ | 109079 | कुसुम देवी मण्डल | राष्टिय प्राथमिक विद्यालय , लालपुर बनौली , सप्तरी | सप्तरी | √ | | | | |
| 32 | ८०४ | 112278 | मोहम्मद ऐनुल राईन | राष्ट्रिय आधारभूत विद्यालय ,हारसर, धनुषा | धनुषा | | | √ | | |
| 33 | ८१६ | 113324 | खगेन्द्र माखिम | सार्वजनिक नि मा वि.,पाचथर | पाँचथर | | | √ | | |
| 34 | ८१८ | 113372 | कृष्ण बहादुर राई | सिहसिद्ध प्रा वि.,पाचथर | पाँचथर | | | √ | | |
| 35 | ८५५ | 116892 | रत्न कुमार अधिकारी | जनसेवा प्राथमिक विद्यालय ,दयालपुर, सिमराभवानीपुर, रौतहट | रौतहट | | | √ | | |
| 36 | ८७१ | 117568 | गीता उप्रेती | जलकन्या प्रा.वि,तेह्रथुम | तेह्रथुम | √ | | | | |
| 37 | ९१९ | 120575 | नेत्र प्रसाद चालिसे | अमरज्योति नमूना माध्यमिक विद्यालय वीरेन्द्रनगर , सुर्खेत | सुर्खेत | | | | | √ |
| 38 | ९९२ | 126195 | रमेश कुमार महतो | युवासहभागिता माध्यमिक विद्यालय ,काठमाडौं | काठमाण्डौ | | √ | | | |
| 39 | १०४१ | 131740 | देवेन्द्र वहादुर भण्डारी | जालपा देवी माध्यमिक विद्यालय ,ढाँक, अछाम | अछाम | | √ | | | |
| 40 | १०५९ | 134146 | चन्द्र माया खरेल पोखरेल | शान्ति विद्याश्रम प्रा वि,काठमाडौं | काठमाण्डौ | √ | | | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (शिक्षक)
म्यूजियम मार्ग, छाउनी, काठमाडौं

सु[illegible]राज पौडेल
उपमहानिर्देशक

CS CamScanner

२०८१ माघ १ देखि २०८२ असार मसान्तसम्म अनिवार्य अवकाश हुने शिक्षकहरू मध्ये पटक पटक पत्राचार गर्दा पनि कागजात पेश नगर्ने शिक्षकहरूको विवरण - २०८१

| क्र.सं. | सि. नं. | शिक्षक संकेत नं. | शिक्षकको पूरा नाम, थर | हाल कार्यरत विद्यालय | कार्यरत जिल्ला | नपुग कागजात/माग गरिएका कागजातहरू | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूरै फायल | नागरिकता | एसएलसी लब्धाङ्क, चारीत्रिक र मूल प्रमाणपत्र | सिटरोल | भारतीय प्रमाणपत्रको जन्ममिति |
| 41 | १०६० | 134202 | शिव कुमारी गुप्ता | जनता जायसवाल माध्यमिक विद्यालय गोदार, धनुषा | धनुषा | | √ | | | |
| 42 | १०९५ | 136730 | लक्ष्मन पौडेल | जुद्धोदय माध्यमिक विद्यालय , काठमाडौं | काठमाण्डौ | | √ | | | |
| 43 | ११०० | 137449 | हरि नारायण श्रेष्ठ | श्रखण्ड माध्यमिक विद्यालय , मोरङ | मोरङ | | | √ | √ | |
| | | | जम्मा: | | | 14 | 13 | 13 | 6 | 1 |

१. पूरै फायलको हकमाः प्रमाणित सिटरोल, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका लब्धाङ्क पत्र, चारीत्रिक प्रमाणपत्र, मूल प्रमाणपत्रहरू, असाधारण विदा/बेतलबी विदा, अध्ययन विदा लिएको भए सोको पत्रहरू, निरोगिताको प्रमाणपत्र, शपथग्रहण, स्थायी नियुक्ति पत्र, हाजिरी, सरुवा, रमाना, बढुवा पत्रहरू, विभागीय सजाय भएको भए सोसम्बन्धी पत्रहरू समावेश गर्नुपर्नेछ।

२. नागरिकता प्रमाणपत्र र शैक्षिक योग्यताका प्रमाणपत्रको हकमाः नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रका सक्कल प्रतिहरू रुजु गरी स्पष्ट बुझिने फोटोकपि इकाइ प्रमुखले प्रमाणित गरी पठाउनु होला।

३. सिटरोलको हकमाः किताबखानाबाट प्रमाणित सिटरोल इकाइ प्रमुखले प्रतिलिपि प्रमाणित गरी पठाउनु पर्नेछ। सिटरोल फेला नपर्नेको हकमा नयाँ सिटरोल भराई सिटरोलसाथ चाहिने सम्पूर्ण कागजात संलग्न गरी इकाइ प्रमुखले प्रमाणित गरीं पठाउनु पर्नेछ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय किताबखाना (शिक्षक) म्युजियम मार्ग, छाउनी, काठमाडौं

२०८२।१।१८

युवराज पौडेल
उपमहानिर्देशक